लगानी बोर्डद्वारा एकल बिन्दु सेवा केन्द्र सञ्चालन

राजधानी समाचारदाता
काठमाडौं, १५ वैशाख

नेपालमा लगानी प्रक्रिया सहज, छिटो र पारदर्शी बनाउने उद्देश्यसहित लगानी बोर्डको कार्यालयले एकल बिन्दु सेवा केन्द्र सञ्चालनमा ल्याएको छ । स्वदेशी तथा विदेशी लगानीकर्ताले अब विभिन्न सरकारी निकाय धाउनुपर्ने झन्झट कम गर्दै एउटै प्रणालीमार्फत आवश्यक सेवा लिन सक्ने भएका छन् ।

बोर्डले सेवा केन्द्र सञ्चालनका लागि अनलाइन पोर्टलसमेत सुरु गरेको छ । सो पोर्टलमार्फत लगानीकर्ताले लगानीसम्बन्धी प्रस्ताव पेस गर्न, आवेदन दिन तथा आवश्यक प्रक्रियाको अवस्थाबारे जानकारी लिन सक्नेछन् । बोर्डका अनुसार यस कदमले नेपालमा लगानी वातावरण सुधार गर्ने तथा परियोजना कार्यान्वयनको गति बढाउने अपेक्षा गरिएको छ ।

हाल एकल बिन्दु सेवा केन्द्रसँग समन्वय गरी १४ वटा सरकारी निकायलाई क्रमशः डिजिटल प्रणालीमा आबद्ध गरिने तयारी गरिएको बोर्डले जनाएको छ । जसका लागि कम्पनी रजिस्ट्रारको कार्यालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, अध्यागमन विभागलगायतका निकायसँग प्रणाली एकीकृत गर्ने काम अघि बढिरहेको बोर्डले जनाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समेत सम्बन्धित मन्त्रालय र निकायहरूलाई सो प्रणालीमा आबद्ध हुन पत्राचार गरिसकेको छ । लगानी बोर्डका अनुसार सहभागी निकायहरूले अख्तियारीसहित फोकल पर्सन तोकिसकेका छन् । जसले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने विश्वास गरिएको छ ।

यस प्रणालीमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, नेपाल राष्ट्र बैंक, उद्योग विभाग, विद्युत् विकास विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, नेपाल दूरसञ्चार प्राधिकरणलगायत निकाय समावेश छन् । आवश्यकताअनुसार अन्य निकाय पनि थपिने बोर्डले जनाएको छ ।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले सूचना प्रविधिमा आधारित सेवा प्रणालीले लगानीकर्ताको समय र लागत दुवै बचत गर्ने बताए । बोर्डका अनुसार क्रमशः सबै निकायलाई डिजिटल प्रणालीमा जोड्दै पूर्ण स्वचालित सेवा प्रणालीतर्फ जाने योजना छ ।

अहिलेसम्म लगानीकर्ताले विभिन्न अनुमति लिन धेरै कार्यालय धाउनुपर्ने अवस्था थियो । अब एउटै केन्द्रबाट धेरै सेवा उपलब्ध गराउन सकिनेछ । जसले लगानीकर्तामा विश्वास बढाउँछ । पूर्णरूपमा सञ्चालनमा आएपछि केन्द्रबाट लगानी प्रस्ताव मूल्यांकन, कम्पनी दर्ता, करदर्ता, उद्योग दर्ता, विदेशी विनिमय अनुमति, श्रम स्वीकृति, भिसा तथा परमिटका लागि समन्वय, परियोजनासम्बन्धी जग्गा व्यवस्थापन, वातावरणीय अध्ययन स्वीकृतिलगायत सेवा उपलब्ध हुनेछन् । यसैगरी, निजी तथा सरकारी जग्गा उपलब्ध गराउने प्रक्रिया, वन क्षेत्र प्रयोगसम्बन्धी सहजीकरण तथा परियोजना स्वीकृतिसम्बन्धी प्रशासनिक काम पनि सोही केन्द्रबाट अघि बढाइने बोर्डले जनाएको छ ।

नेपालमा लगानी स्वीकृति प्रक्रिया ढिलो, जटिल र बहुनिकाय समन्वयमा समस्या रहेको गुनासो लामो समयदेखि उठ्दै आएको थियो । यस्तो अवस्थामा एकल बिन्दु सेवा केन्द्रको सुरुवातलाई नीतिगत सुधारतर्फ महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

सरकारले २०८२ को चैतमा सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी कार्यसूचीमा पनि स्वदेशी तथा विदेशी लगानीकर्तालाई निर्धारित समयभित्र सेवा दिन लगानी बोर्डअन्तर्गत एकद्वार स्वीकृति प्रणाली सञ्चालनमा ल्याउने घोषणा गरेको थियो ।विशेषज्ञहरूका अनुसार सेवा केन्द्र प्रभावकारीरूपमा कार्यान्वयन भएमा नेपालमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न सहयोग पुग्नेछ । तर, त्यसका लागि सम्बन्धित निकायबीच समन्वय, डिजिटल पूर्वाधार र उत्तरदायित्वपूर्ण कार्यशैली अनिवार्य रहने उनीहरूको भनाइ छ ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा ढकाल

राजधानी समाचारदाता
काठमाडौं, १५ वैशाख

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको महानिर्देशकमा निर्मल ढकाल नियुक्त भएका छन् । अर्थ मन्त्रालयले सहसचिव ढकाललाई विभाग महानिर्देशकको जिम्मेवारी दिएको हो । ढकाल यसअघि सोही विभागमा उपमहानिर्देशकको रूपमा कार्यरत थिए । यसअघि महानिर्देशकको जिम्मेवारीमा रहेका गजेन्द्र ठाकुर मन्त्रालयमा सुरूवा भएसँगै सो पदमा नयाँ जिम्मेवारी तोकिएको थिएन । विभागमा ढकालको नियुक्तिसँगै अब सम्पत्ति शुद्धीकरण,अवैध सम्पत्ति अनुसन्धान, शंकास्पद वित्तीय कारोबार निगरानी तथा अन्तरनिकाय समन्वयका कामले थप गति लिने अपेक्षा गरिएको छ । पछिल्ला वर्ष नेपालमाथि अन्तर्राष्ट्रिय स्तरबाट वित्तीय पारदर्शिता, अवैध धन नियन्त्रण र नियामकीय सुधारका विषयमा दबाब बढिरहेका बेला विभागको नेतृत्व परिवर्तनलाई अर्थपूर्ण रूपमा हेरिएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग नेपालमा अवैध धन आर्जन, कर छलि, आतंकवादमा वित्तीय सहयोग, गैरकानुनी सम्पत्ति हस्तान्तरण तथा शंकास्पद आर्थिक गतिविधि सम्बन्धी अनुसन्धान गर्ने प्रमुख सरकारी निकाय हो । विभागले नेपाल राष्ट्र बैंक, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरी, सीआईबी, कर प्रशासन तथा अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय गरेर काम गर्दै आएको छ ।

सन नेपालको अभिकर्ता सशक्तीकरण कार्यक्रम

काठमाडौं/रास- सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्ना अभिकर्ताहरूको क्षमता अभिवृद्धि, उत्प्रेरणा र सम्मान कार्यक्रम सम्पन्न भएको बताएको छ ।

लुम्बिनी प्रदेशअन्तर्गत राप्ती/भेरी क्षेत्र तथा कर्णाली प्रदेशका अभिकर्ताहरूलाई लक्षित गरी आयोजना गरिएको कार्यक्रममा १ सय ७० भन्दा बढी बिमा सल्लाहकारको सहभागिता रहेको थियो ।कार्यक्रममा अन्तर्राष्ट्रिय मोटिभेसनल स्पिकर विजय झाको प्रशिक्षण सत्र मुख्य आकर्षणका रूपमा रहेको थियो । उनले बिक्री कला, लक्ष्य निर्धारण, आत्मविश्वास विकास तथा बदलिँदो बिमा बजारमा सफल हुन अपनाउनुपर्ने रणनीतिबारे प्रभावकारी प्रशिक्षण दिएका थिए । सहभागीहरूले सो प्रशिक्षणलाई निकै प्रेरणादायी र व्यवहारिक भएको प्रतिक्रिया दिएका थिए ।

कार्यक्रममा कम्पनीका निमित्त प्रमुख कार्यकारी अधिकृत कवि फुयाँल, प्रमुख बजार अधिकृत गणेश चौलागाईंलगायतको उपस्थिति थियो । सो कार्यक्रममा कर्णाली प्रदेश प्रमुख गोविन्द ढकाल, कर्णाली प्रदेश उप-प्रमुख धिरेन्द्र शाही, नेपालगञ्ज क्लस्टर हेड कमल शाही, राप्ती/भेरी क्षेत्रीय प्रमुख तथा कार्यक्रम सञ्चालक दीपेन्द्र रावतका साथै विभिन्न शाखा प्रमुखहरूको समेत उपस्थिति रहेको थियो ।

कम्पनीका निमित्त प्रमुख कार्यकारी अधिकृत फुयाँलले अभिकर्ताहरूलाई कम्पनीको मेरुदण्ड भएको उल्लेख गर्दै उनीहरूको सशक्तीकरण नै कम्पनीको दीर्घकालीन सफलताको आधार भएको बताए ।

प्रभु बैंकद्वारा साढे ७ लाख सहयोग प्रदान

काठमाडौं/रास- प्रभु बैंक लिमिटेडले हस्पिटल एन्ड रिह्याबिलिटेसन सेन्टर (एचआरडीसी)लाई साढे ७ लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बागमती प्रदेशको काभ्रे जनागाल बनेपा-११ स्थित एचआरडीसीलाई ७ लाख ५० हजार रुपैयाँको चेक हस्तान्तरण गरेको हो ।

सो रकम लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न क्षेत्रमा बसोबास गर्ने शारीरिकरूपमा अशक्त तथा विपन्न बालबालिकाको पहिचान, उपचार, शल्यक्रिया, फिजियोथेरापी, सहायक सामग्री वितरण तथा पुनर्स्थापनासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्न एचआरडीसीलाई सहयोग पुग्ने बैंकले जनाएको छ ।

कार्यक्रममा प्रभु बैंकका तर्फबाट मार्केटिङ म्यानेजर सविनसम्शेर राणाले एचआरडीसीका प्रमुख प्रशासन अधिकृत प्रकाशकुमार यादवलाई चेक हस्तान्तरण गरेका हुन् । प्रभु बैंकका देशभर ३ सय शाखा कार्यालय, २ सय ६१ एटीएम साथै ६६ एक्सटेन्सन काउन्टरमार्फत करिब ३६ लाख ग्राहकलाई गुणस्तरीय बैंकिङ सेवा प्रदान गरिरहेको छ ।

सानिमा रिलायन्सका कर्मचारीलाई भ्रमण

काठमाडौं/रास- सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीले कोशी प्रदेशका अभिकर्ता र कर्मचारीलाई लालीगुराँसको राजधानी भ्रमण गराएको छ । कम्पनीले दुई दिन लालीगुराँसको राजधानी भनेर चिनिने तीनजुरे, मिल्के, जलजले क्षेत्रमा आफ्ना कर्मचारी र अभिकर्तालाई भ्रमण गराएको जनाएको छ। यस भ्रमणमा ४५ जनाको समुह थियो ।कम्पनीका अनुसार भ्रमणको क्रममा कोशी प्रदेशको यस क्षेत्रमा अवस्थित पाथीभराको मन्दिर, आरआर गार्डेन, चोलुङ पार्क, टुटे देउरालीलगायतको भ्रमण गराइएको थियो । ३२ प्रजातिका गुराँसमध्ये २९ प्रजातिको लालीगुराँसको अवलोकन गराइएको थियो। दुईदिने भ्रमण आयोजनाले गुराँसप्रतिको मोह बढी पर्यटन प्रवर्धनमा सहयोग पुगेको कम्पनीका कोशी प्रदेश प्रमुख कर्मराज पौडेलले जानकारी दिए ।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, घोराही शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०१/१६ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ साल जेठ महिना २० गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल कार्तिक महिना २९ गतेको "नागरिक" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्द्धब व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

ऋणीको नाम, थर र ठेगाना :	
१.	महेन्द्र बहादुर शाहको नाति, गोरक्ष बहादुर शाहको छोरा, दाङ जिल्ला, त्रिभुवन नगर उ.म.न.पा. वडा नं. १० बस्ने **बाल कृष्ण शाह.....१** र लाल बहादुर न्यौपानेको छोरी, बाल कृष्ण शाहको श्रीमती, दाङ जिल्ला, घोराही गा.वि.स./उ.म.न.पा. वडा नं. १० बस्ने **ईन्दु शाह......१** समेत जना २ ।
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :	
१.	गोरक्ष बहादुर शाहको नाति, बाल कृष्ण शाहको छोरा, दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १४ बस्ने **आभाश शाह** ।
२.	गोरक्ष बहादुर शाहको नाति, बाल कृष्ण शाहको छोरा, दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. १४ बस्ने **आशिष शाह** ।
धितो सुरक्षणको विवरण :	
१	**बाल कृष्ण शाह**को नाममा मालपोत कार्यालय घोराही दाङमा दर्ता श्रेस्ता कायम रहेको दाङ जिल्ला, घोराही न.पा. वडा नं. १ स्थित नक्सा सिट नं. १क को कित्ता नं. २१९३ को ९३.१३ ब.मी. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२	**ईन्दु शाह**को नाममा मालपोत कार्यालय घोराही दाङमा दर्ता श्रेस्ता कायम रहेको दाङ जिल्ला, हापुर बिजौरी गा.वि.स./न.पा. वडा नं. ९ स्थित नक्सा सिट नं. ९ख को कित्ता नं ३१ को १६०८.२७ ब.मी. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/– बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा घोराही शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८३ साल वैशाख महिना ३० गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८३ साल जेठ महिना ०१ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१	**१) ऋणी कम्पनी: कैड नेपाल ट्रेडर्स प्रा.लि.,** संचालक तथा जमानीकर्ता: संतोष कुमार ठाकुर, दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २५३११९/०७७/०७८, दर्ता मिति: २०७७/१०/१३, ठेगाना: जिल्ला धनुषा, जनकपुरधाम उ.म.न.पा. वडा नं. ४	
	जमानीकर्ताहरुको विवरण	
	१) संतोष कुमार ठाकुर २) माया देवी ठाकुर ३) राम विलास ठाकुर ४) रेखा शर्मा ५) सुनिल ठाकुर ६) पुनिता कुमारी ठाकुर	
	धितोको विवरण	
	१) सन्तु ठाकुर वडहीको नाती, बाल बोध ठाकुरको छोरा, धनुषा जिल्ला, नगराइन गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, नगराईन न.पा वडा नं. २ बस्ने राम विलास ठाकुरको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ४ (हाल जनकपुरधाम उ.म.न.पा. वडा नं. ४) स्थित कित्ता नं. ३८१ को क्षेत्रफल ०-०-१९-१.५ (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । २) ज्ञानचन ठाकुरकी छोरी, बाल बोध ठाकुरकी बुहारी, राम विलास ठाकुरकी पत्नी, धनुषा जिल्ला, नगराइन गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, नगराईन न.पा वडा नं. २ बस्ने माया देवी ठाकुरको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, नगराइन गा.वि.स. वडा नं. ४ (हाल जनकपुरधाम उ.म.न.पा. वडा नं. ४) स्थित कित्ता नं. ८७०, ४०१, १८८, १८५ र १८६ को क्षेत्रफल क्रमशः ०-०-६-९, ०-५-६-०, ०-६-१६-०, ०-६-२ र ०-१२-४ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । ३) कैड नेपाल ट्रेडर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	२) ऋणी: संतोष कुमार ठाकुर स्थायी ठेगाना: धनुषा जिल्ला, नगराइन गा.वि.स. वडा नं. ३, हालको ठेगाना: धनुषा जिल्ला, नगराईन न.पा वडा नं. २, बाबु: राम विलास ठाकुर, बाजे: बाल बोध ठाकुर	
	जमानीकर्ताहरुको विवरण	
	१) माया देवी ठाकुर २) राम विलास ठाकुर ३) रेखा शर्मा ४) पुनिता कुमारी ठाकुर	
	धितोको विवरण	
	ज्ञानचन ठाकुरकी छोरी, बाल बोध ठाकुरकी बुहारी, राम विलास ठाकुरकी पत्नी, धनुषा जिल्ला, नगराइन गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, नगराईन न.पा वडा नं. २ बस्ने माया देवी ठाकुरको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ४ (हाल जनकपुरधाम उ.म.न.पा. वडा नं. ४) स्थित कित्ता नं. ८७०, ४०१, १८८, १८५ र १८६ को क्षेत्रफल क्रमशः ०-०-६-९, ०-५-६-०, ०-६-१६-०, ०-६-२ र ०-१२-४ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत ।	बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा जमानीकर्ताको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।